# वहुउद्देश्यीय पर्यटन परियोजना

आचार्य लिही, सिँजा खोला,

हिमा गाउँपालिका वडा-१

जुम्ला, कर्णाली प्रदेश

# वहुउद्देश्यीय पर्यटन परियोजना

## क. परियोजना परिचय

नेपालको ऐतिहासिक, साँस्कृतिक रुपमा सम्पन्न तर भौतिक रुपमा पिछडिएको क्षेत्र सिँजा, जुम्लामा प्राचीन हिन्दू मठमन्दिर तथा बौद्धविहारहरुको संरक्षण र निर्माण गरी त्यहाँ ध्यान केन्द्र, आध्यात्मिक आश्रम, साँस्कृतिक सङ्ग्रहालय तथा अध्ययन केन्द्र र मनोरञ्जन स्थलहरु निर्माण गरेर हिमाली भेगमा पर्यटन प्रवर्धन गर्ने र कर्णाली क्षेत्रमा वाह्य लगानी भित्र्याउने नयाँ सोच र दृष्टिकोणले यो वहुउद्देश्यीय पर्यटन परियोजना सुरु गरिएको छ ।

## ख. उद्देश्य

यो परियोजना निर्माणका प्रमुख उद्देश्यहरु निम्नानसार छन्:

१. रारा भ्रमणमा जाने स्वदेशी तथा विदेशी पर्यटक र नेपाली भाषा तथा संस्कृतिको अध्ययन गर्न सिँजा क्षेत्रमा आउने अध्येताहरुलाई आरामदायक बास बस्ने सुविधा उपलब्ध गराउने ।

२. पछाडि परेको कर्णाली क्षेत्रलाई देशको एक प्रमुख पर्यटकीय गन्तव्यमा रुपान्तरण गर्ने नेपाल सरकार र प्रदेश सरकारको नीति कार्यान्वयनमा सहयोग पुयाउने ।

३. पर्यटन विकासबाट कर्णाली क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने ।

४. सिँजा र समग्र कर्णाली क्षेत्रको गौरवशाली इतिहाँस, अत्यन्त धनी संस्कृति र सुन्दर प्रकृतिको अध्ययन तथा प्रचार प्रसारमा योगदान पुयाउने ।

५. कर्णालीका रैथाने बाली तथा फलफूलको उत्पादनमा सहयोग गर्ने र बजार प्रवर्धन गर्ने ।

६. कर्णाली प्रदेशमा पर्यटन विकासमा वाह्य लगानी भित्र्याउने ।

## ग. परियोजना स्थल

यो परियोजना आचार्य लिही, सिँजा, हिमा गाउँपालिका वडा-१, जुम्लामा सञ्चालन गरिने छ । परियोजना स्थलबाट राराताल पुग्न गाडीमा करिब तीन घण्टा लाग्ने भएकोले राराताल भ्रमण गर्न जाने आन्तरिक तथा वाह्य पर्यटकहरु परयोजनाका लक्षित ग्राहक हुनेछन् ।

सिँजा उपत्यका राष्ट्र भाषा नेपाली उत्पती भएको र नागराजले राज्य गरेको ऐतिहासिक ठाउँ हो भने यो ठाउँ मार्सी धान, सिमी, स्याउ, कोदो, गहुँ, जौँ जस्ता अन्न खेतीको लागि पनि प्रसिद्ध छ । त्यस बाहेक सिँजामा १२ भाई मस्टो, नौ दुर्गा भवानी, कनका सुन्दरी, लामा विष्णु आदि महत्वपूर्ण धार्मिक पीठहरु छन् भने पर्यटकीय आकर्षण बन्नसक्ने क्षेत्र पूरी पाटन, लाग्ना जस्ता रमणीय गन्तव्य पनि छन् ।

## घ. प्रस्तावित सेवा र सुविधा

यो परियोजना निजी स्वामित्वको करिब ३०० रोपनी जमिनमा निर्माण हुने छ । जुम्लाबाट रारा जाने बाटोमा सिँजा उपत्यकामा प्रस्तावित यो परियोजनामा सुरुमा रारा भ्रमणमा जाने स्वदेशी तथा विदेशी पर्यटक र नेपाली भाषा तथा संस्कृतिको अध्ययन गर्न सिँजा क्षेत्रमा आउने अध्येताहरुलाई लक्षित गरी तीन तारे र पाँच तारे होटेल स्तरका अति सुविधा सम्पन्न तर परम्परागत शैलीका आवास सुविधाहरु निर्माण गरिने छ ।

आवास सुविधा बाहेक निर्माण गरिने अन्य संरचना र सविधाहरु निम्नानुसार छन्ः

*क. साँस्कृतिक, ऐतिहासिक र आध्यात्मिक ज्ञान विस्तार गर्न-*

१. हिन्दू मन्दिर र आध्यात्म स्थल ।

२. साँस्कृतिक तथा ऐतिहासिक सङ्ग्रहालय ।

३. पुस्तकालय ।

४. गुम्बा र ध्यान केन्द्र ।

*ख. कृषि पर्यटन प्रवर्धन गर्न र परियोजनालाई आत्म निर्भर बनाउन-*

१. व्यासायिक र स्थानीय कुखुरापालन ।

२. मौरीपालन ।

३. नमूना अर्गानिक तरकारी उत्पादन ।

४. विभिन्न जातका स्याउ खेती प्रदर्शनी क्षेत्र ।

५. बोधिचित्तको बगैँचा ।

*ग. पाहुनाको मनोरञ्जनका लागि-*

१. टी हाउस ।

२. फूलबारी ।

३. पैदल यात्रा गर्न चाहानेको लागि गोरेटो बाटो ।

४. साइकलमा वरपर घुम्ने सुविधा ।

४. घोडामा गाउँ र वरपर भ्रमण ।

५. आगन्तुक नाम र स्टिकर स्थल ।

६. सेल्फी प्वाइन्ट ।

७. पारम्पारिक तथा आधुनिक बाजा ।

८. कन्टिनेन्टल रेस्टुरेन्ट ।

९. पौडी पाखरी र प्राकृतिक नदीमा पौडी खेल्ने सुविधा ।

*घ. पाहुनालाई सेवा दिन र केन्द्रको आयवृद्धि गर्न-*

१. गाडी पार्किङ्ग स्थल र गाडी धुने तथा मर्मत गर्ने सुविधा ।

२. हिमाली पानी उत्पादन गर्ने पानी फ्याक्ट्री ।

३. स्थानीय हस्तकला तथा कृषि उत्पादनको बिक्री केन्द्र ।

*ङ. सभा-समारोह गर्न-*

१. गोष्ठी, सभा र अन्य कार्यक्रम आयोजना गर्ने सभाकक्ष ।

२. साउण्ड सिस्टम र प्रोजेक्टर ।

३. सचिवालय सेवा (कम्प्युटर, प्रिन्टर, फोटोकपी आदि सहितको) ।

४. फोटो खिच्ने र छाप्ने सुविधा ।

५. बैठक कक्षहरु ।

## ङ. परियोजनाबाट अपेक्षित लाभ

**क. रोजगारी:** यो परियोजना सञ्चालन हुदा सुरुमा ३०० र परियोजना पूरा भएपछि थप ५०० गरी लगभग ८०० जना स्थानीयले प्रत्यक्ष रोजगारी पाउने अनुमान गरिएको छ। यस बाहेक पाहुनालाई चाहिने तरकारी, खाद्यसामग्री, दूध, मासु आदि उत्पादन गर्ने र ऊन तथा काठका हस्तकला सामग्री उत्पादन गर्ने हजारौं अन्य स्थानीय वासिन्दा पनि अप्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

**ख. पर्यटन प्रवर्धन:** यो परियोजना स्थानीय जनतासँग जोडिएर व्यवसायको नाफालाई स्थानीय समुदायको लाभसँग जोडेर सञ्चालन गरिने छ । परियोजनाले सूचना प्रविधिको उपयोग गरी **"जाउँ कर्णाली, घुमौं रारा, रमाऊ अर्गानिक स्वादमा"** नारा प्रचार प्रसार गर्ने छ र यो नाराले समग्र कर्णाली क्षेत्रको प्रचार प्रसार भई प्रदेशकै पर्यटन प्रवर्धनमा समेत सहयोग पुग्ने छ ।

**ग. काम एक वार, कमाई वारम्वार:** परियोजनाको नारा **"काम एक वार, कमाई वारम्वार"** हुनेछ र यो क्षेत्रमा स्याउ, ओखर, बोधिचित्त लगाएतका खेती गर्न कृषकलाई सहयोग उपलब्ध गराउने छ । यसबाट एक पटकको लगानीबाट स्थानीय वासिन्दाले वर्षौंवर्षसम्म लाभ लिने अपेक्षा गरिएको छ ।

**घ. विहान सवेरैदेखि साँझ अबेरैसम्म:** निजी लगानी र स्थानीय सिप तथा श्रमको परिचालन यो परियोजनाको मुख्य ध्येय हुनेछ। कर्णालीको गरिबीलाई घटाउन र जनशक्तिलाई गाउँमै टिकाई युवाशक्तिको विदेश पलायन रोक्न परियोजनाले सामाजिक उत्तरदायित्व अन्तर्गत **"विहान सबेरैदेखि साँझ अबेरैसम्म"** नारा साथ उद्यम विकास गर्न स्थानीय वासिन्दासँग हातेमालो गर्ने छ ।

## च. परियोजना कार्यान्वयन ढाँचा

**क. साझेदारी:** यो परियोजना स्थापना तथा सञ्चालनको हरेक चरणमा स्थानीय प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवाला सरकारी तथा निजी संघसंस्थासँगको साझेदारी र सहकार्यलाई प्राथमिकता दिई कार्यान्वयन गरिने छ । यो साझेदारी आर्थिक तथा प्राविधिक लगानी, अनुदान वा सहयोग कुनै पनि वा सबै रुपमा हुनसक्नेछ ।

**ख. दिगोपना:** परियोजना कार्यान्वयनको क्रममा गरिने निर्माण कार्य वातावरण मैत्री ढङ्गले पहिरो, भूस्खलन, सबै प्रकारका प्रदूषण आदिप्रति सचेत भई स्थानीय सरोकारवालाको सहमति, सहयोग र सहभागीतामा गरिने छ ।

**ग. समावेशीता:** यो परियोजना प्रत्येक क्रियाकलाप समावेशी रुपमा कार्यान्वयन गरिने छ र महिला, पुरुष दुबै र विभिन्न जातजातीको सहभागीता कार्यान्वयन गरिने छ ।

**घ. सामूहिक लाभ:** यो परियोजना लाभको लागि गरिएको व्यवसाय भए पनि उद्यमको लाभसँगै समुदायको लाभलाई ध्यानमा राखी सञ्चालन गरिने छ ।

## छ. परियोजनाको प्रभाव

यो परियोजना सफलतापूर्वक कार्यान्वयन भएमा पर्ने मुख्य प्रभाव यस प्रकार छन्-

**क. कर्णालीको आर्थिक रुपान्तरण:** यो परियोजनाले सिँजा उपत्यका र जुम्ला तथा मुगु जिल्लामा स्थानीय उत्पादन वृद्धि गराउन महत्वपूर्ण योगदान दिने छ। परियोजनाबाट प्रत्यक्षरुपमा पुग्ने लाभ र परियोजनाका गतिविधिबाट प्राप्त हुने अप्रत्यक्ष लाभले सिँजा उपत्यका र जुम्ला जिल्ला मात्र नभई समग्र कर्णाली क्षेत्रको आर्थिक रुपान्तरणमा परियोजनाले महत्वपूर्ण भूमिका खेल्ने छ।

**ख. कर्णालीमा पर्यटन प्रवर्धन:** तुलनात्मक रुपमा ठूलो लगानी परिचालन हुने यो परियोजनाले कर्णाली क्षेत्रको साँस्कृतिक, ऐतिहासिक महत्वलाई देश विदेशमा थप प्रचारमा ल्याउने छ र अध्ययन, अनुसन्धानका थप नतिजाहरु प्रकाशमा आई कर्णालीको गौरव वृद्धि गर्न सहयोग गर्ने छ।

## ज. प्रस्तावित लगानी

यो परियोजनाको प्रस्तावित लगानी तलको तालिका अनुसार हुनेछ -

| क.सं. | विवरण | रकम (रु. ०००) | कैफियत |
|---|---|---|---|
| १ | पूर्वाधार निर्माण | २००००० | |
| २ | होटेल, रिसोर्ट निर्माण | ३००००० | |
| ३ | मन्दिर, विहार निर्माण | ५०००० | |
| ४ | ध्यान केन्द्र र आश्रम निर्माण | ५०००० | |
| ५ | टेकिङ्ग टेल र भ्यू प्वाइन्ट निर्माण | ५०००० | |
| ६ | बोधिचित्त का विरुवा रोपन | ५०००० | |
| ७. | पार्क, स्वीमिङ र आयुर्वेद पर्यटन सम्वन्धी भवन निर्माण | १००००० | |
| ८ | स्याउ, अर्गानिक तरकारी र रैथाने खेती | १००००० | |
| | जम्मा पहिलो चरणमा प्रस्तावित लगानी | ९००००० | |

## झ. लगानीका स्रोत

| क.सं. | विवरण | लगानी (%) | कैफियत |
|---|---|---|---|
| १ | प्रवर्धकको लगानी | २० | |
| २ | बैङ्क ऋण | ४० | |
| ३ | सार्वजनिक अनुदान, सहयोग | ४० | |
| | जम्मा | १०० | |

## ञ. अपेक्षा गरेको सहयोग

परियोजनाले सरकारी निकायबाट कम्तीमा पनि निम्न सहयोगको अपेक्षा गरेको छ :

१. परियोजनाको स्वीकृति,

२. पर्यटन तथा पुर्वाधार- कानून अनुसार सरकारी अनुदानमा कर छुट र लगानीमा प्रोत्साहन,

३. परियोजना स्थलसम्म सडक, बिजुली, पानी आदि आधारभूत पुर्वाधारको विकास ।

अनुसूची १: परियोजना निर्माण स्थलको लेआउट नक्सा

